जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २४३ | २०८३ साल बैशाख ०५ गते शनिवार | Saturday-18-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## दोहोरो मारमा किसान : डिजेल महँगियो, अन्न-बालीको मूल्य घट्यो

*नविन चौधरी*
*बारा, ०४ बैशाख*




डिजेलको मूल्य निरन्तर बढ्दै जाँदा कृषि उत्पादन लागत उच्च रूपमा वृद्धि भएको छ भने अन्नबालीको बजार मूल्य घट्दै गएपछि बारा जिल्लाका किसानहरू गम्भीर आर्थिक संकटमा परेका छन् । विशेषगरी कोल्हवी क्षेत्रका किसानहरूले उत्पादन खर्च आकासिए पनि बजारमा उचित मूल्य नपाउँदा खेती नै घाटाको व्यवसाय बन्दै गएको गुनासो गरेका छन् ।

किसानहरूका अनुसार सिंचाइ, जोताइ तथा ढुवानीजस्ता अत्यावश्यक कार्यमा डिजेलको प्रयोग हुने भएकाले इन्धन मूल्य वृद्धिले सिधै कृषि लागतमा प्रभाव पारेको छ। खेत जोत्न ट्र्याक्टर प्रयोग गर्दा, सिँचाइका लागि डिजेल पम्प चलाउँदा तथा उत्पादन बजारसम्म पुऱ्याउँदा लाग्ने खर्च उल्लेख्य रूपमा बढेको उनीहरूको भनाइ छ।

यता, उत्पादन लागत बढिरहँदा पनि अन्नबालीको मूल्य भने अपेक्षाकृत घट्दै गएको छ । मकैजस्तो प्रमुख बालीको मूल्य प्रतिक्विन्टल कम्तीमा ४ हजार रुपैयाँ हुनुपर्ने किसानहरूको दाबी छ, तर उनीहरू ३ हजार रुपैयाँभन्दा कममै बिक्री गर्न बाध्य भएका छन् । यसरी लागत र बिक्री मूल्यबीच ठूलो अन्तर हुँदा किसानको लगानी डुबिरहेको उनीहरू बताउँछन् । कोल्हवी-सपहीस्थित साना किसान कृषि सहकारी संस्थाले भण्डारण गरेको धान वर्षौंदेखि उचित मूल्य नपाउँदा गोदाममै थन्किएको छ । बिक्री हुन नसक्दा केही धान कुहिन थालेको सहकारीले जनाएको छ । यसले सहकारीलाई समेत आर्थिक रूपमा कमजोर बनाएको छ ।

त्यसैगरी, प्रसौना क्षेत्रको साना किसान कृषि सहकारी संस्था लिमिटेडले किसानलाई मकै र गहुँको बीउ वितरण गरी उत्पादन वृद्धि गर्न सहयोग गरेको भए पनि उत्पादनपछि उचित मूल्य सुनिश्चित नहुँदा समस्या भन् गहिरिएको जनाएको छ । उत्पादन बढाउन प्रोत्साहन भए पनि बजार व्यवस्थापनको अभावले किसान निराश बनेको सहकारीका प्रतिनिधिहरूको भनाइ छ ।

दुवै सहकारीका अनुसार किसानहरूले मेहनत गरेर उत्पादन बढाए पनि मूल्य नपाउने अवस्था दोहोरिँदा कृषि क्षेत्रमा अस्थिरता बढ्दै गएको छ । यसले दीर्घकालीन रूपमा उत्पादनमा गिरावट ल्याउने खतरा समेत देखिएको छ । स्थानीय किसानहरूले सरकारप्रति असन्तुष्टि व्यक्त गर्दै इन्धनमा कुनै राहत नदिएको, मलको सहज आपूर्ति सुनिश्चित नगरेको तथा कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्न नसकेको आरोप लगाएका छन् । "कृषि प्रधान


*बाँकी तेश्रो पृष्ठमा*

## सीमावर्ती कर नीतिविरुद्ध पर्साका युवाको विरोध : प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण पत्र

*शु. आ. सम्बाददाता*
*पर्सा, ०४ बैशाख*




सीमावर्ती भन्सार विन्दुहरूमा १०० रुपैयाँभन्दा बढी मूल्यका सामानमा कर असुल गर्ने नीतिप्रति असन्तुष्टि जनाउँदै पर्साका युवाहरूले प्रशासनको ध्यानाकर्षण गराएका छन् । जेन जी पर्साका संयोजक महादेव प्रसाद कुर्मीको नेतृत्वमा गएको टोलीले शुक्रबार जिल्ला प्रशासन कार्यालय पुगेर प्रमुख जिल्ला अधिकारी भोला दहाललाई ध्यानाकर्षण पत्र बुझाएको हो । ध्यानाकर्षण पत्रमार्फत युवाहरूले नेपाल-भारतबीच लामो समयदेखि कायम सामाजिक, सांस्कृतिक तथा पारिवारिक 'बेटी-रोटी' सम्बन्धमा यस्तो नीतिले प्रत्यक्ष असर पार्ने भन्दै चिन्ता व्यक्त गरेका छन् । सीमावर्ती क्षेत्रमा बसोवास गर्ने नागरिकको दैनिक जीवनसँग जोडिएको सामान्य किनमेलमा समेत कर लगाउनु अन्यायपूर्ण भएको उनीहरूको ठहर छ । पत्रमा उल्लेख गरिएअनुसार १०० रुपैयाँभन्दा बढी मूल्यका सामानमा कडाइका साथ कर असुल गर्दा सीमावासीहरू प्रत्यक्ष रूपमा प्रभावित भएका छन् । साना उपभोग्य वस्तु किनमेलमा समेत झन्झट बढ्दा दैनिक जीवन कठिन बन्दै गएको उनीहरूको भनाइ छ । युवाहरूले वर्तमान अवस्थामा जनताले राहत र सहुलियतको अपेक्षा गरिरहेको बेला यस्तो नीतिले निराशा बढाएको उल्लेख गरेका छन् । विशेषगरी मधेस क्षेत्रका नागरिकप्रति राज्यले विभेदपूर्ण व्यवहार गरेको अनुभूति हुने गरेको गुनासो पनि पत्रमा समेटिएको छ । वीरगञ्जलाई देशको प्रमुख प्रवेशद्वार तथा उच्च राजस्व संकलन हुने भन्सार क्षेत्रका रूपमा चिनिए पनि विकास र आधारभूत सेवाको दृष्टिले पछि पारिएको आरोप समेत लगाइएको छ । धुलो, धुवाँ तथा अव्यवस्थित पूर्वाधारका कारण स्थानीयले स्वास्थ्य समस्या झेल्नु परेको विषय पनि उठाइएको छ । टोलीले उक्त कर नीतिलाई तत्काल पुनरावलोकन वा खारेज गर्न, सीमावर्ती नागरिकको दैनिकी सहज बनाउन तथा राज्यले समान व्यवहार सुनिश्चित गर्न प्रशासनसँग माग गरेको छ । साथै, जनताका समस्याप्रति संवेदनशील भई आवश्यक पहल गर्न प्रमुख जिल्ला अधिकारीसमक्ष आग्रह गरिएको छ । प्रमुख जिल्ला अधिकारी दहालले ज्ञापनपत्र ग्रहण गर्दै विषयलाई सम्बन्धित निकायसम्म पुऱ्याउने र आवश्यक समन्वय गर्ने आश्वासन दिएका छन् ।



पान नम्बर :-
२०१३१५९४५
इमिस नम्बर :- ३२०९७०००१

### श्री माध्यमिक विद्यालय टेंग्राहा

फतुवा विजयपुर न.पा. ४,रौतहट
मधेश प्रदेश (नेपाल)
(स्थापित २०१८)

पत्र संख्या:- ०८२/८३
चलानी न :- ३४
प्राप्त पत्र संख्या:-

मिति:-२०८२/०१/०३

**विषय:- जग्गा ठेक्काको लागी शिलबन्दी दरभाउ पत्र अहवान गरिएको सूचना**

उपरोक्त विषयमा यस विद्यालयको नाममा दर्ता रहेको जिल्ला गैनहट फतुवा विजयपुर न.पा.४को किता नं.३१ को क्षेत्रफल २१-०३-००(घटवढ)एक्काइस विघा तीन कठा घटवढ रहेको खेतीयोग्य जग्गा ठेक्का लगाउनु पर्ने भएको हुनाले इच्छुक ठेक्दार,फर्म वा सस्थाहरुलाई तपमिलको सर्तहरु पालना गर्दै तोकिएको न्यूनतम मूल्यमा नघटाई उल्लेख गरिएको धरौती रकम सहित गोप्य खामवन्दी गरी विद्यालय प्रशासनमा दर्ता गराउनका लागि सूचित गरिन्छ ।

तपसिल

**शिलबन्दी दरभाउ पत्र खोल्ने :** मिति:-२०८३/०१/१७ गते बिहिवार ,समय:-विहान ७:०० बजे ,स्थान:-श्री मा वि.टेंग्राहाको प्रागनमा

सर्तहरु

१ ठेक्कदार नेपाली नागरिक हुनु पर्नेछ ।  २.धरौती रकम १०%का दरले बुझाउनु पर्नेछ ।
३ ठेक्का साकार गरेको सात दिन भित्रमा कबोल वापतको रकम बुझाई सम्झौता गरिसक्नुपर्नेछ ।तोकिएको समयमा सम्झौता गर्न नआएको खण्डमा धरौती वापतको रकम जफत गरी क्रमानुसारको ठेक्कदारहरुलाइ ठेक्का दिइनेछ ।
४ ठेक्काको न्युनतम मूल्यांकन रकम रु ९,००,०००/-अक्षरेपी नौं लाख मात्र ।
५ प्रत्येक वर्षको हुन्डा वापतको रकम चैत्र मसान्त भित्रमा बुझाइसक्नुपर्छ ।
६ तोकिएको न्यूनतम मूल्यमा नघटाई उल्लेख गरिएको धरौती रकम सहित गोप्य खामबन्दी गरी विद्यालय प्रशासनमा दर्ता गराउनुपर्छ ।
७ निवेदकले विद्यालय प्रशासनवाट फारम लिई निम्न अनुसारको कागजात सहित निवेदन पेश गर्नुपर्छ :
क)नागरिकताको प्रतिलिपि ख)फर्म वा सस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि ग)स्थाई लेखा नम्बर (PAN) प्रतिलिपि घ.रसिद रु १०००
८ अन्तिम मिति :-२०८३/०१/१६ गते वुधवार सम्म ।
९ शिलवन्दी दरभाउ पत्र खोल्दा सवभन्दा बढि रकम कबोल गरि फारम भरेका व्यक्ति,फर्म वा सस्थाको पत्र स्वीकृत गरिनेछ ।
१० सम्पर्क व्यक्ति : प्रविण यादव(लेखापाल) :-९८६०९५५१४६ /९८१७६६६७१०

अनिल कुमार यादव
Anil Kumar Yadav
Principal
Shree Secondary School Tengr...

## संघीय क्यालेन्डरभन्दा अघि जीतपुरसिमरा : वैशाख ७ देखि भर्ना, १४ देखि कक्षा सञ्चालन

*शु. आ. सम्बाददाता*
*बारा, ०४ बैशाख*




संघीय सरकारले तय गरेको शैक्षिक क्यालेन्डरभन्दा अघि बढ्दै जीतपुरसिमरा उपमहानगरपालिकाले विद्यालय भर्ना तथा अध्ययन-अध्यापन आफ्नै समयतालिकाअनुसार सञ्चालन गर्ने निर्णय गरेको छ । नगर कार्यपालिकाको कार्यालयले शुक्रबार जारी गरेको पत्रअनुसार उपमहानगर क्षेत्रभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई वैशाख ७ गतेदेखि भर्ना अभियान सञ्चालन गर्न तथा वैशाख १४ गतेदेखि नियमित पठनपाठन सुरु गर्न निर्देशन दिइएको हो ।

यसअघि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरले देशभर वैशाख १५ गतेदेखि भर्ना अभियान र वैशाख २१ गतेदेखि अध्ययन-अध्यापन सुरु गर्न परिपत्र जारी गरेको थियो । तर, उक्त समयसीमा स्थानीय सन्दर्भमा उपयुक्त नहुने ठहर गर्दै उपमहानगरपालिकाले आफ्नै समयतालिका लागू गरेको जनाएको छ ।

उपमहानगरपालिकाका अनुसार संघीय क्यालेन्डर कार्यान्वयन गर्दा विद्यार्थीको पढाइमा अवरोध आउने, पाठ्यक्रमअनुसार आवश्यक वार्षिक कार्यघण्टा नपुग्ने तथा शिक्षाको गुणस्तरमा ह्रास आउने चिन्ता सरोकारवालाहरूले व्यक्त गरेका थिए

*बाँकी तेश्रो पृष्ठमा*

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

### सीमा तस्करी नियन्त्रणमा देखिएको सक्रियता र दीर्घकालीन चुनौती

भारत-नेपाल सीमासँग जोडिएको बारा जिल्लाको सीमाक्षेत्रमा तस्करी नियन्त्रणका नाममा भारतीय सुरक्षा निकायले पछिल्लो समय गरेको सक्रियता सकारात्मक भए पनि यसले सीमा व्यवस्थापनको जटिल यथार्थलाई पुनः उजागर गरेको छ । लागूऔषध, पशु तथा मल तस्करी जस्ता अवैध गतिविधि रोक्न गरिएको कारबाहीले केही सफलता देखाए पनि यस्ता घटनाहरु सीमावर्ती क्षेत्रमा किन निरन्तर भइरहेका छन् भन्ने मूल प्रश्न अझै अनुत्तरित छ ।

सीमामा हुने तस्करी केवल एक देशको सुरक्षा चुनौती नभई दुवै देशबीचको समन्वय, निगरानी र स्थानीय आर्थिक-सामाजिक अवस्थासँग जोडिएको समस्या हो । जबसम्म सीमावर्ती क्षेत्रमा रोजगारी, आपूर्ति व्यवस्थापन र वैध व्यापार प्रणाली सुदृढ हुँदैन, तबसम्म अवैध कारोबारले कुनै न कुनै रुप लिइरहने सम्भावना रहन्छ ।

सशस्त्र सीमा बल र भारतीय प्रहरीले गरेको पछिल्लो कारबाहीले अवैध कारोबारमा संलग्न समूहहरुलाई अस्थायी रुपमा दबाब दिएको देखिए पनि दीर्घकालीन समाधानका लागि दुवै देशबीचको सूचना आदान-प्रदान, संयुक्त गस्ती र समन्वय अझ प्रभावकारी हुन आवश्यक छ । साथै, नेपालतर्फ पनि सीमा प्रशासन, सुरक्षा निकाय र स्थानीय निकायको भूमिकालाई थप सशक्त बनाउनु अपरिहार्य छ । सीमा सुरक्षालाई केवल पक्राउ र बरामदको आँकडामा सीमित नगरी समग्र व्यवस्थापन सुधारतर्फ केन्द्रित हुन सके मात्र यस्तो समस्या दीर्घकालीन रुपमा नियन्त्रणमा आउन सक्छ ।

# कानुनी आतंकले थला परेको देश



प्रा.डा.राजेन्द्रध्वज जोशी

कानुनको त्रासले नेपालको विकास थला मात्र परेको नभई कानुनले भ्रष्टाचारलाई प्रश्रयसमेत दिएको छ ।

सवारी चालक अनुमति परीक्षा पास गरेका करिब ३० लाख नागरिक लाइसेन्सको पर्खाइमा छन् । लामो समयदेखि १० लाख, २० लाख नागरिकले लाइसेन्स पाएका थिएनन् । यो अवस्था 'नेपाल सरकारका सम्बन्धित निकायहरूको अनुत्तरदायी कार्यसम्पादन क्षमताले हद पार गरेको बिम्ब हो' भन्दा अत्युक्ति नहोला । दु:खको कुरा के हो भने समस्याहरूको चाङ लागिरहँदा कोही पनि यसको जिम्मा लिन तयार भएका छैनन् । तर यस्तो परिस्थितिको लागि कानुनलाई दोष दिन जोकोही पनि पछि पर्दैनन् ।

सार्वजनिक हित विपरीतका कानुन खारेज : के साँच्चै अमुक कानुन नै यस दुर्दशाको दोषी हो त ? कानुनको उद्देश्य राज्य व्यवस्थापनको प्रभावकारिता तथा उत्पादकत्व बढाएर सरकारको सेवा प्रवाहको प्रतिफल अधिकतम बनाउने हो, अर्थात् सार्वजनिक हितको प्रवर्द्धन गर्ने हो । कानुनका कारण सेवा प्रवाहमा कठिनाइ आएको शिकायत व्यापक भएकाले यो विषयमा विश्लेषण अत्यावश्यक छ । 'विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय भर्ना नगराउने वा भर्ना भएपछि पनि आधारभूत तहसम्मको शिक्षा पूरा नगरी बालबालिकालाई विद्यालयबाट छुटाउने अभिभावकलाई स्थानीय तहबाट प्रदान गरिने सुविधा प्राप्त गर्न बञ्चित गर्न सकिनेछ' भन्ने व्यवस्था 'अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७५' को दफा ७ (५) मा गरिएको छ ।

यस व्यवस्थाले नि:शुल्क शिक्षा सुनिश्चित गर्नमा सरकारको प्रतिबद्धता कमजोर भएकोतर्फ इंगित गर्दछ । यस्तै आशयका कारण नेपाललाई अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयनमा सफलता नमिलेको हुनुपर्दछ । सायद यो प्रावधान खारेजीबारे सहमति जुट्न सक्दछ होला ।'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ' भन्ने व्यवस्था नेपालको संविधान २०७२ को धारा ३१ (३) ले गरेको छ । स्रोत सुनिश्चित नभएको यस्तो व्यवस्थाले शिक्षा सेवा प्रवाहलाई पुऱ्याइरहेको नोक्सानी सर्वविदितै छ। शुल्क तिर्न असक्षम नागरिकलाई मात्र नि:शुल्क शिक्षाको व्यवस्था गरिएको भए नि:शुल्क शिक्षाको व्यवस्था सहज रूपमा लागू हुन सक्थ्यो । तर यस सम्बन्धमा सहमति जुटाउन त्यति सहज छैन । सार्वजनिक खरिद अनुगमन कार्यालयको नमुना बोलपत्रको दस्ताबेजमा यस्तो योग्यताको व्यवस्था छ- 'एकल बोलपत्रदाताले तोकिएको मूल्यबराबरको ठेक्काको अनुभव एउटै ठेक्काबाट पूरा गर्नुपर्ने, तर संयुक्त बोलपत्रदाताले सो मूल्य दुईवटा ठेक्काको कुल अनुभवबाट पूरा गर्न सक्ने ।' यो प्रावधानले एकल बोलपत्रदातालाई भन्दा संयुक्त बोलपत्रदातालाई प्राथमिकता दिने भएकाले सो सार्वजनिक हित विपरीत छ। सार्वजनिक हित विपरीतका कानुन थुप्रै छन् । यस्ता कानुन खारेज गर्न लामो समय लाग्नेछ। त्यस्ता कानुन खारेज नभएसम्मको लागि सेवा प्रवाहमा भएको नोक्सानीलाई टुलुटुलु हेरेर बस्नु अक्षम्य हुन्छ ।

अव्यावहारिक तथा सार्वजनिक हित विपरीतका र पालना गर्न अत्यन्त कठिन कानुनले भ्रष्टाचारलाई मलजल गरी राखेको छ । व्यावहारिक र सार्वजनिक हित अनुकूल कानुन बनाउन त्यति सहज छैन । पुरानै प्रक्रियाबाट त्यस्तो कानुन बन्न कठिन छ ।

कानुनले विवेक कुण्ठित : नेपालको संविधान, ऐन, नियम, निर्देशिका, परिपत्र आदि धेरै विस्तृत छन् । कानुन तर्जुमा गर्दा कानुनका प्रत्येक बुँदाले सार्वजनिक हितमा पार्ने सकारात्मक र नकारात्मक प्रभावबारे विशेषज्ञबाट मूल्यांकन गराउने पद्धति स्थापित भइसकेको छैन। यसबाहेक भविष्यमा उत्पन्न हुन सक्ने सबै किसिमको परिस्थितिलाई मिल्ने कानुन निर्माण गर्न पनि अत्यन्त गाह्रो हुन्छ । उदाहरणका लागि अस्पताल, विश्वविद्यालय, मन्त्रालय र स्थानीय निकाय सबैलाई र सबै किसिमको परिस्थितिलाई मिल्ने खरिदसम्बन्धी कानुन बनाउन असम्भव हुन्छ । यो परिस्थितिबाट सेवा प्रवाहमा भएको कठिनाइ सबै सरोकारवालाले सामना गर्दै आएका छन् । यस्तो यथार्थलाई बेवास्ता गरी विवेकलाई थाती राखेर सबै कानुन अक्षरश: पालना गर्नाले पनि सेवा प्रवाहमा विकराल समस्या आएको हो । सार्वजनिक हित विपरीतका कानुनलाई खबरदारी गर्नु प्रत्येक नागरिकको कर्तव्य हो भने विवेक प्रयोग गरेर त्यस्ता कानुनको गाँठो फुकाएर सेवा प्रवाह प्रभावित हुन नदिनु प्रत्येक कर्मचारीको दायित्व हो । कानुनको कारणले मैले सेवा प्रवाह गर्न सकिनँ भन्ने छुट कुनै कर्मचारीलाई हुनु हुँदैन ।

सार्वजनिक हित निरपेक्ष कानुन पालनाको नियमन घातक : नियमनकारी निकायको डरले सेवा प्रवाह प्रभावित हुन दिन नचाहने केही कर्मचारीले सार्वजनिक हितका लागि प्रतिकूल कानुनी गाँठो पनि फुकाउन आँट गर्दैनन् भने अन्यले कानुनको निहुँमा सेवा प्रवाहमा आएको कठिनाइलाई खासै महत्व दिँदैनन् । यस्तो परिस्थितिलाई कर्मचारीहरूले नियमनकारी निकायहरूको 'सार्वजनिक हित निरपेक्ष कानुन पालना'को नियमन गर्ने परिपाटीलाई दोष दिने गर्दछन् । नियमनको मुख्य धार सार्वजनिक हित निरपेक्ष कानुन पालनाको नियमन गर्ने नै रहेको छ। कानुन पालनाको नियमन गर्दा सार्वजनिक हितलाई ध्यानमा राख्नु आवश्यक छ भन्ने तर्क गर्दा 'यस प्रकारको व्यवस्था नियमनको छुट्टै पाटो हो र सेवा प्रवाहको प्रभावकारिता अथवा सार्वजनिक हितको मूल्यांकन संस्थागत कार्यसम्पादन मूल्यांकन अन्तर्गत गरिन्छ' भन्ने जवाफ मिल्छ । सार्वजनिक हित निरपेक्ष कानुन पालनाको नियमन गर्ने परिपाटी नै सेवा प्रवाहमा आएको समस्याको मूल कारणमध्ये एक हो । यो परिपाटीले 'कानुनको आतंक'को स्वरूप लिएको छ ।

कानुन मान्ने कि नमान्ने ? : सार्वजनिक हित अनुकूल कानुनको व्याख्या गरेर, कानुनको गाँठो फुकाएर सार्वजनिक हित सुनिश्चित गरेर देखाउने कर्मचारीहरू विरलै भेटिन्छन् । तर त्यस्ता कर्मचारी नियमनकारी निकायको कारबाहीमा परेका दृष्टान्तहरूले गर्दा यस्तो प्रवृत्ति निरुत्साहित भएको छ। यसै सम्बन्धमा कानुनहरूलाई व्यावहारिक र सेवाग्राही अनुकूल बनाउने छलफलको साटो 'कानुन मान्ने कि नमान्ने' भन्नेतर्फ बहस मोडिएको छ। कानुन मान्ने कि नमान्ने भन्ने बहस सान्दर्भिक छैन । बहस गर्नुपर्ने विषय 'सर्वोच्चता कानुनको हो कि सार्वजनिक हितको हो' भन्ने हो । कानुनले सार्वजनिक हित सुनिश्चित गर्नुपर्ने भएकाले सार्वजनिक हित विपरीतका कुनै पनि कानुनको स्थान हुनु हुँदैन। त्यसकारण सार्वजनिक हित निरपेक्ष कानुन पालनाको नियमन गर्ने परिपाटी तुरुन्त बन्द गरिनुपर्दछ । यसको लागि नियमनकारी निकायहरूमा सार्वजनिक हितलाई आत्मसात् गर्न सक्ने र नियमन गरिएका निकायका मर्म बुझ्ने कर्मचारीको व्यवस्था हुन आवश्यक छ ।

अख्तियारवालाको विवेक प्रयोगमा प्रोत्साहन : अख्तियारवालादेखि अन्य कर्मचारीमा समेत विवेक प्रयोग गर्ने संस्कृति विकास नभएसम्म देशले अपेक्षित प्रगति गर्न सक्ने छैन। यसका लागि हाल व्याप्त कानुनको त्रासलाई व्यवस्थित गर्न अत्यावश्यक छ। कानुनी क्षेत्रमा विवेक प्रयोग विसंगति नभई स्थापित पद्धति हो। प्राकृतिक न्यायको र आवश्यकताको सिद्धान्तअन्तर्गत विवेक प्रयोग गरिन्छ। यसको ज्वलन्त उदाहरण जनआन्दोलनबाट सिर्जित संवैधानिक जटिलता आवश्यकताको सिद्धान्त प्रयोग गरी सुल्झाइएको हो। नियमन गर्ने परिपाटीमा आवश्यक परिवर्तन नभएसम्मको लागि नियमन गर्ने निकायहरूको समेत उचित निगरानी गर्ने व्यवस्था विकास गर्न आवश्यक छ। सेवा प्रवाह सरकारको जिम्मा भएकाले यसतर्फ सरकार चनाखो हुन तथा कानुनको त्रासबाट मुक्त भई सेवा प्रवाहमा समर्पित कर्मचारीको उचित कदर गर्न अत्यन्त आवश्यक छ ।

प्रत्येक कर्मचारीमा सार्वजनिक हितको अपरिहार्यता : सार्वजनिक हित निरपेक्ष कानुन पालनाबारे धारणा बनाउने परिपाटी नियामक निकायका कर्मचारीमा मात्र नभई सम्पूर्ण कर्मचारीतन्त्रमै हाबी छ । यतिमात्र नभई सार्वजनिक हितको रक्षा गर्ने कर्मचारीको दायित्व हो भन्ने कुराको समेत उनीहरूले हेक्का राख्दैनन् । सामान्य नागरिकहरू तथा सार्वजनिक र निजी निकायका प्रतिनिधिसमेत विभिन्न निर्णयका लागि सरकारी निकायहरूमा पुग्दा सेवाग्राहीलाई आवश्यक निर्णय गर्न कानुनी अड्चन रहेको कुरा कर्मचारीबाट बारम्बार सुनिन्छ । यस्तो अवस्थामा ती कर्मचारीहरूले कानुनको गाँठो फुकाउन पहलकदमी नगर्ने मात्र नभई, सार्वजनिक हित उनीहरूको कार्यक्षेत्रभन्दा बाहिर रहेको विषय भए जस्तो व्यवहार गर्छन् ।

सेवाग्राहीबाट विभिन्न किसिमका समस्या समाधान गर्ने नवप्रवर्तनात्मक उपायहरू सुझाउँदासमेत यथास्थितिभन्दा पर गएर सोच्न कर्मचारी इन्कार गर्दछन्, जबकि नवप्रवर्तन बिना अपेक्षित विकास सम्भव छैन। देश विकासका लागि यो परिपाटी अन्त्य गर्न अत्यावश्यक छ। प्रत्येक नागरिक र विशेषगरी सरकारी तथा सार्वजनिक निकायका कर्मचारीले सार्वजनिक हितको प्रवर्द्धन आफ्नो कर्तव्य भएको मनन् नगरेसम्म देशको विकास सम्भव छैन ।

भ्रष्टाचार र कानुनको अन्तरसम्बन्ध : कानुनको त्रासले नेपालको विकास थला मात्र परेको नभई कानुनले भ्रष्टाचारलाई प्रश्रयसमेत दिएको छ। अव्यावहारिक तथा सार्वजनिक हित विपरीतका र पालना गर्न अत्यन्त कठिन कानुनले भ्रष्टाचारलाई मलजल गरी राखेको छ । व्यावहारिक र सार्वजनिक हित अनुकूल कानुन बनाउन त्यति सहज छैन । पुरानै प्रक्रियाबाट त्यस्तो कानुन बन्न कठिन छ। हतारो गरेर कानुन बनाएर पछि पछुताउनुभन्दा धैर्य गरेर राम्रो कानुन बनाउने बाटो अँगाल्नुपर्छ। तर कानुन सुधारलाई पर्खेर भ्रष्टाचार विरुद्धको संघर्षलाई विलम्ब गर्नु हुँदैन। देशमा व्याप्त भ्रष्टाचार तुरुन्त रोक्नु पर्दछ किनकि भ्रष्टाचार नै नेपाल पछि पर्नुको प्रमुख कारण हो भन्ने छर्लंग छ ।

भ्रष्टाचारविरुद्धको संघर्षमा सफलताका लागि भ्रष्टाचारमुक्त व्यक्ति र निकायहरूलाई खोजी-खोजी सम्मान गर्नुपर्दछ। सार्वजनिक हित प्रतिकूल कानुनको आतंकसँग डटेर देश विकासको अभियानलाई बलियो पारौं । जोशी, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयका अध्यक्ष हुन् ।




## अन्तराष्ट्रिय समाचार

# म्यानमारमा नयाँ वर्षमा हजारौँ कैदी रिहा



***बैङ्कक-*** म्यानमारमा परम्परागत नयाँ वर्षको अवसरमा हजारौँ कैदीहरू रिहा गरिए पनि राजनीतिक बन्दीहरूको भविष्य भने अझै अन्योलमै देखिएको छ। सैनिक नेतृत्वले आम माफी घोषणा गर्दै चार हजार ५०० भन्दा बढी कैदीलाई रिहा गरेको जनाएको छ, तर प्रमुख विपक्षी नेता तथा सैन्य शासनविरुद्ध उभिएका हजारौँ व्यक्तिहरू यस निर्णयबाट बाहिरै राखिएको सङ्केत देखिएको छ ।

राष्ट्रपति मिन आङ ह्लाइङले नयाँ वर्षको उपलक्ष्यमा माफी आदेश जारी गरेका हुन् । राज्य सञ्चालित एमआरटिभी टेलिभिजनका अनुसार चार हजार ३३५ कैदीहरूलाई पूर्ण माफी दिइएको छ भने करिब १८० विदेशी कैदीलाई पनि रिहा गरी देशनिकाला गरिने व्यवस्था गरिएको छ। साथै अन्य कैदीहरूको सजायसमेत घटाइएको छ, जसअनुसार मृत्युदण्डलाई आजीवन कारावासमा, आजीवन कारावासलाई ४० वर्षमा र ४० वर्षभन्दा कम सजायलाई करिब एक-छैटौँ (झण्डै १७ प्रतिशत) ले घटाइएको छ । रिहा गरिएका व्यक्तिहरूको पहिचान तत्काल सार्वजनिक गरिएको छैन । याङ्गुनको इन्सेन जेलबाहिर भने बिहानदेखि नै कैदीका आफन्त र साथीभाइहरू भेला भएर आफ्ना प्रियजनहरूको प्रतीक्षामा बसेका थिए ।

तर यस माफीमा पूर्वनेता आङ सान सुकी समावेश हुने वा सैन्य शासनविरुद्ध आन्दोलनका क्रममा पक्राउ परेका हजारौँ राजनीतिक बन्दीहरू छुट्ने कुनै स्पष्ट सङ्केत देखिएको छैन। सुकीलाई लगाइएको २७ वर्षको सजायमा यो माफीअन्तर्गत करिब साढे चार वर्ष घट्ने अनुमान गरिएको छ, तर पूर्ण रिहाइको सम्भावना भने देखिएको छैन । देशभित्र राजनीतिक बन्दीहरूको ठूलो सङ्ख्या अझै जेलमै रहेको मानवअधिकारकर्मीहरूको भनाइ छ। यो माफी हालै सम्पन्न विवादास्पद निर्वाचनपछि आएको हो । आलोचकहरूले उक्त चुनाव स्वतन्त्र र निष्पक्ष नभएको दाबी गर्दै त्यसलाई सेनाले आफ्नो सत्ता कायम राख्न योजनाबद्ध रूपमा प्रयोग गरेको आरोप लगाएका छन्। चुनावपछि एक हप्तामै माफी घोषणा हुनु पनि राजनीतिक सन्देशसँग जोडिएको रूपमा हेरिएको छ । आफ्नो उद्घाटन भाषणमा मिन आङ ह्लाइङले सामाजिक मेलमिलाप, न्याय र शान्तिलाई प्रवर्द्धन गर्ने उद्देश्यले यस्ता माफीहरू कार्यान्वयन गरिने बताएका थिए ।

तर व्यवहारमा भने राजनीतिक असन्तुष्टहरूलाई समेट्ने सङ्केत नदेखिएकाले आलोचना भइरहेको छ। म्यान्मारमा विशेष अवसरहरूमा कैदी रिहा गर्ने परम्परा पुरानै भए पनि अहिलेको सन्दर्भमा यसको राजनीतिक अर्थ फरक रूपमा व्याख्या भइरहेको छ। सन् २०२१ मा सेनाले सत्ता कब्जा गरेपछि देशभर व्यापक विरोध प्रदर्शन भएको थियो, जुन क्रमशः सशस्त्र द्वन्द्वमा परिणत भएको छ ।

अधिकार अनुगमन संस्था असिस्टेन्स एसोसिएसन फर पोलिटिकल प्रिजनर्सका अनुसार सैनिक हस्तक्षेपपछि हालसम्म करिब आठ हजार सर्वसाधारण मारिएका छन् भने आङ सान सुकीसहित करिब २२ हजार १७० राजनीतिक बन्दीहरू जेलमा छन् । यद्यपि वास्तविक मृतक सङ्ख्या अझ बढी हुन सक्ने अनुमान गरिएको छ। धेरै राजनीतिक बन्दीलाई 'भड्काउने' अभियोगमा पक्राउ गरिएको छ, जुन कानून सरकार वा सेनाको आलोचना गर्नेहरूलाई नियन्त्रणमा लिन व्यापक रूपमा प्रयोग हुँदै आएको छ ।

यसअन्तर्गत तीन वर्षसम्मको जेल सजाय हुन सक्छ। अन्यलाई आतङ्कवाद विरोधी कानूनअन्तर्गत मुद्दा चलाइएको छ, जसमा मृत्युदण्डसम्मको सजायको प्रावधान छ । यी कानूनहरू पत्रकार, राजनीतिक कार्यकर्ता र असहमति जनाउने नागरिकहरूलाई लक्षित गर्न प्रयोग गरिएको आरोप लाग्दै आएको छ ।

# दोहोरो........

देशमा किसान नै घाटामा जानु राज्यको नीतिगत कमजोरी हो," एक स्थानीय किसानले भने।

मल अभाव पनि किसानका लागि अर्को ठूलो चुनौती बनेको छ। समयमा मल उपलब्ध नहुँदा खेती व्यवस्थापन प्रभावित भएको छ भने उत्पादन घट्ने जोखिम बढेको छ। लागत बढ्दै जाँदा आम्दानी घट्नुले किसानको जीवनस्तरमा समेत प्रत्यक्ष असर परेको छ । किसानहरूका अनुसार हालको अवस्था यथावत् रहेमा कृषिप्रति आकर्षण घट्दै जाने र किसानहरू अन्य पेशातर्फ पलायन हुने खतरा बढ्नेछ। उत्पादनमा निरन्तर लगानी भए पनि प्रतिफल नआउँदा खेतीप्रति निराशा बढ्दै गएको उनीहरूको भनाइ छ । समयमै नीतिगत सुधार गरी इन्धनमा सहुलियत, मलको सुनिश्चित आपूर्ति तथा कृषि उपजको उचित मूल्य निर्धारण नगरेमा देशको खाद्य उत्पादनमै गम्भीर असर पर्ने चेतावनी किसानहरूले दिएका छन्।

# संघीय........

। साथै, विद्यालय सञ्चालन हुने दिन पर्याप्त नहुने अवस्था सिर्जना हुने भएकाले समय अगाडि सार्न माग गरिएको थियो ।

सोही सुझाव र आवश्यकतालाई ध्यानमा राख्दै वैशाख ३ गते नगर प्रमुखस्तरीय निर्णयमार्फत नयाँ समयतालिका लागू गरिएको उपमहानगरपालिकाले स्पष्ट पारेको छ । जारी निर्देशनअनुसार हप्तामा दुई दिन (शनिबार र आइतबार) विद्यालय बन्द रहनेछन् भने शुक्रबारसमेत पूरा समय (बिहान १० बजेदेखि बेलुका ४ बजेसम्म) कक्षा सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ।

उपमहानगरको यो निर्णयसँगै स्थानीय तहले शैक्षिक व्यवस्थापनमा लचिलोपन देखाएको भए पनि संघीय स्तरमा तय गरिएको एकीकृत शैक्षिक प्रणाली कार्यान्वयनमा चुनौती थपिएको देखिएको छ । विभिन्न स्थानीय तहहरूले आ-आफ्नै आवश्यकताअनुसार निर्णय लिन थालेपछि देशभर एकरूपता कायम गर्न कठिन हुने चिन्ता व्यक्त हुन थालेको छ।

शिक्षा क्षेत्रमा सरोकार राख्ने विज्ञहरूका अनुसार स्थानीय आवश्यकता र परिस्थितिअनुसार लचिलो निर्णय लिनु सकारात्मक भए पनि दीर्घकालीन रूपमा शैक्षिक क्यालेन्डरमा असमानता आउँदा नीति कार्यान्वयनमा जटिलता थपिन सक्छ। त्यसैले संघीय, प्रदेश र स्थानीय तहबीच समन्वय गर्दै साझा र व्यवहारिक समाधान खोज्नु आवश्यक रहेको उनीहरूको सुझाव छ ।

# बिरंचीबर्वा........

ग्रामीण क्षेत्रका जनतालाई सेवा गर्न पाउँदा आफूलाई गर्व महसुस भएको बताए । उनले दलित, गरिब, अशक्त तथा विपन्न समुदायलाई प्राथमिकतामा राखेर सेवा दिने प्रतिबद्धता व्यक्त गरे ।

गाउँपालिका स्वास्थ्य संयोजक धिरज साहले स्वास्थ्य चौकीमा आवश्यक सेवा र सुविधा अभाव हुन नदिने बताए । उनले गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा आवश्यक सबै सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाउँदै एम्बुलेन्स सेवामा अक्सिजनलगायत आवश्यक सामग्री पर्याप्त रहेको जानकारी दिए । कार्यक्रममा समाजसेवी मदन मोहन माली, स्वास्थ्य प्रमुख शान्त प्रसाद कम्कर, स्वास्थ्य सह-संयोजक निरंजन चौरसिया, ललिता देवी, रमेश पटेल, रामजतन प्रसादलगायतको सहभागिता रहेको थियो ।

स्वास्थ्य चौकीका प्रमुख शान्त प्रसाद कम्करका अनुसार ओपिडी सेवा सञ्चालनसँगै अब स्वास्थ्य चौकीमा बिरामी भर्ना सेवा पनि छिट्टै सुरु गरिनेछ । नयाँ भवनबाट सेवा सुरु भएपछि स्थानीय स्तरमै गुणस्तरीय स्वास्थ्य सेवा विस्तार हुने विश्वास गरिएको छ ।

## बारम्बार नियम तोड्ने चालकविरुद्ध कडाइ : मधेसमा लाइसेन्स निलम्बन प्रक्रिया सुरु



***शु. आ. सम्बाददाता***
***बारा, ०४ वैशाख***

मधेस प्रदेशमा ट्राफिक नियम पटक-पटक उल्लंघन गर्ने सवारी चालकविरुद्ध कडा कदम चालिँदै चालक अनुमतिपत्र (लाइसेन्स) निलम्बन गर्ने प्रक्रिया सुरु गरिएको छ। बाराको पथलैयास्थित नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयले बिहीबारदेखि उक्त अभियान कार्यान्वयनमा ल्याएको हो ।

कार्यालयका अनुसार पहिलो चरणमा पाँच पटकभन्दा बढी ट्राफिक नियम उल्लंघन गर्ने आठ जना चालकको लाइसेन्स ६ महिनाका लागि निलम्बन गर्न यातायात व्यवस्था कार्यालय वीरगन्जलाई सिफारिस गरिएको छ। ती चालकहरू ट्राफिक नियम उल्लंघन अभिलेख प्रणाली (टीभीआरएस) मार्फत पहिचान गरिएको जनाइएको छ।

कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक वकिलबहादुर सिंहले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ६० अनुसार यस्तो कारबाही गर्न सकिने स्पष्ट पारे । "पाँच पटकभन्दा बढी नियम उल्लंघन प्रमाणित भएमा सम्बन्धित अधिकारीले लाइसेन्स ६ महिनासम्म निलम्बन गर्न सक्छ," उनले बताए । मधेस प्रदेशमा पहिलो पटक सुरु गरिएको यस प्रक्रियाले ट्राफिक अनुशासन कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । ट्राफिक प्रहरी उपरीक्षक ज्ञानेन्द्र बस्नेतका अनुसार बारम्बार नियम उल्लंघन गर्ने चालकलाई नियन्त्रणमा ल्याउन यो कदम प्रभावकारी हुने विश्वास गरिएको छ । "यसले चालकलाई जिम्मेवार र जवाफदेही बनाउन मद्दत गर्नेछ," उनले भने ।

उनका अनुसार प्रदेशका आठवटै जिल्लामा टीभीआरएस प्रणालीमार्फत नियम उल्लंघन गर्ने चालकको पहिचान गरी आवश्यक कारबाही प्रक्रिया अघि बढाउन निर्देशन दिइएको छ । यस अभियानबाट सडक दुर्घटना न्यूनीकरण हुनुका साथै जनधनको क्षति कम हुने अपेक्षा गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीले सवारी चालकहरूलाई ट्राफिक नियमको पालना गर्न आग्रह गर्दै उल्लंघन दोहोरिए कडा कारबाही गरिने चेतावनीसमेत दिएको छ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

## नहर पुरेर सडक निर्माण : परवानीपुरमा विवाद चर्कियो



***बारा, ४ वैशाख***

बाराको परवानीपुर गाउँपालिका-५ मा सिँचाइका लागि निर्माण गरिएको नहर पुरेर सडक निर्माण सुरु गरिएपछि स्थानीय स्तरमा तीव्र विवाद उत्पन्न भएको छ । करिब ३० लाख रुपैयाँ लागतको उक्त योजना आवश्यकताको आधारमा नभई स्वार्थप्रेरित ढंगले अघि बढाइएको भन्दै स्थानीयवासीले विरोध जनाएका छन् ।

साविक बहुअरी गाविस-९ अन्तर्गत निर्माण गरिएको उक्त नहरले वर्षौंदेखि स्थानीय कृषिमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको थियो । नहरमार्फत सिँचाइ सुविधा पाएर किसानहरूले नियमित रूपमा खेती गर्दै आएका थिए । तर, अहिले उक्त नहर पुरिँदा सिँचाइ प्रणालीमा प्रत्यक्ष असर पर्ने स्थानीयको भनाइ छ।

स्थानीयका अनुसार नहर मासिँदा खेतीपातीमा मात्रै होइन, गाउँको पानी निकास प्रणालीसमेत प्रभावित हुने खतरा बढेको छ । वर्षायाममा पानी जम्ने, डुबानको समस्या बढ्ने तथा सरसफाइ व्यवस्थापनमा कठिनाइ आउने सम्भावना रहेको उनीहरूले बताएका छन् ।

स्थानीय सिमनतर रामले दीर्घकालीन असरको चेतावनी दिँदै नहर पुरेर सडक बनाउने कार्य अव्यवहारिक रहेको बताए । "नहरले वर्षौंदेखि किसानलाई राहत दिँदै आएको थियो, अहिले त्यसलाई मासेर सडक बनाउनु गलत निर्णय हो," उनले भने ।

अर्का स्थानीय रोहित गुप्ताले आवश्यक नभएको स्थानमा सडक योजना ल्याइनु शंकास्पद रहेको उल्लेख गर्दै योजनाको औचित्यमाथि प्रश्न उठाए । "जहाँ सडकको आवश्यकता नै छैन, त्यहाँ नहर मासेर सडक बनाउनुको पछाडि कुनै स्वार्थ हुन सक्छ," उनले आशंका व्यक्त गरे ।

स्थानीयवासीहरूले योजना कार्यान्वयनमा पारदर्शिता नभएको आरोप लगाउँदै सम्बन्धित निकायसँग छानबिनको माग गरेका छन् । उनीहरूले तत्काल निर्माण कार्य रोक्न, योजनाको औचित्य स्पष्ट पार्न तथा जिम्मेवार पक्षलाई जवाफदेही बनाउन आग्रह गरेका छन् ।

यस विषयमा गाउँपालिका तथा सम्बन्धित निकायको आधिकारिक प्रतिक्रिया आउन बाँकी रहेको छ । स्थानीयले समयमै समस्या समाधान नगरे आन्दोलनका कार्यक्रमसमेत अघि बढाउने चेतावनी दिएका छन् ।

ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।

नेपाल सरकार
भुमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमी व्यवस्थापन तथा अभिलेख बिभाग
भुमि सुधार तथा मालपोत कार्यलय
गौर ,रौतहट

विषय- दा. खा सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना ।

यसमा जिल्ला रौतहट साविक गाविस अकोलवा वार्ड न. ५ हाल राजपुर ना.पा.-७ मा बस्ने विगा साह तेलीको नाति सकल साह तेलीको छोराहरु पर्मा साह तेली र राजकुमार साह तेली ऐ.ऐ.बस्ने सकल साह तेलको नाति जयलाल साहको छोरा रामप्रवेश साह समेतले रौ. जि. अ. गौरको २०७३ सालको विगो ६४९ मिति-२०७३/१०/२६ गतेको मिलापत्र चलानी-५८३६ मिति २०७३/१०/२६ गतेको दा.खा. जनाउ अनुसार जिल्ला रौतहट साविक गा.वि.स. अकोलवा वार्ड नं. १क किता नं. १४० को ज.वि.०-२-११, ऐ.ऐ.वडा नं. १ख किता नं. २१,६४,२६०,२७७,२९९, ऐ. ऐ.वडा नं. २ किता नं. ५२,५८,६० र ६३ जग्गाको दा. खा. गरी पाउँ भनी द.नं.८६१७मिती २०८२/१०/२५ गतेको माँग निवेदन आएकोमा ज.ध. सकल साह तेलीको नाउँमा मोठ कायम रही रोक्का नदेखिएको साथै उल्लेखित किताहरुमा दा.खा.मि.नं.५५१ मिति २०७३/११/०१ गतेमा मोठ भिडेको भनी मोठ फाँटवाट लेखिआएको सो जग्गामा दा.खा.मि.नं.५५१ मिति २०७३/११/०१ भिडेको समबन्धि हकदावी वारे सम्वन्धी ३५ दिने सार्वजनिक सुचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति २०८३/०१/०३ गतेकोआदेशा बमोजिम सोको हकदाबी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा दा.खा.हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा त्रकानून बमोजिम दा.खा.मोठ भिडेको कट्टा भई भै दा.खा. भै जाने छ ।

तपसिल

| जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | ज.बि. | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | अकोलवा | १ क | १४० | ०-२-११ | सकल साह तेलि |
| रौतहट | अकोलवा | १ ख | २१ | ०-२-० | |
| रौतहट | अकोलवा | १ ख | ६४ | ०-२-१३ | |
| रौतहट | अकोलवा | १ ख | २६० | ०-२-० | |
| रौतहट | अकोलवा | १ ख | २७७ | ०-२-२ | |
| रौतहट | अकोलवा | १ ख | २९९ | ०-१-११ | |
| रौतहट | अकोलवा | २ | ५२ | ०-१-४ | |
| रौतहट | अकोलवा | २ | ५८ | ०-०-२ | |
| रौतहट | अकोलवा | २ | ६० | ०-०-१८ | |
| रौतहट | अकोलवा | २ | ६३ | ०-०-८ | |

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# सीमामा सशस्त्र प्रहरीको सक्रियताः श्रोत नखुलेको लाखौँ नगदसहित दुई पक्राउ, अवैध कुखुरा बरामद

***शु. आ. सम्बाददाता***
***रौतहट, ०४ बैशाख***

सशस्त्र प्रहरी बल नेपालले सीमा क्षेत्रमा आफ्नो निगरानी र कडाईलाई तीव्रता दिएको छ । यसै क्रममा शुक्रबार रौतहट जिल्लाका विभिन्न स्थानबाट सशस्त्र प्रहरीले श्रोत नखुलेको ५ लाख २२ हजार ४ सय ९० नेपाली पैयाँसहित दुई जनालाई नियन्त्रणमा लिएको छ भने ठुलो परिमाणमा अवैध भारतीय ब्रोइलर कुखुरा बरामद गरी नष्ट गरेको छ ।



सशस्त्र प्रहरी बल नेपाल बि.ओ.पि. बेलबिछवाबाट खटिएको सीमा गस्ती टोलीले रौतहटको राजदेवी नगरपालिका वडा नं. ८ स्थित सोफियामाई सीमा इलाकामा विशेष जाँच अभियान चलाएको थियो। सानो सीमा स्तम्भ नं. ३४३/२ देखि पूर्वतर्फ भारतबाट नेपालतर्फ आउँदै गरेको बिआर ०६ ए ६२९२ नम्बरको भारतीय मोटरसाइकललाई शंका लागेर रोक्न खोज्दा त्यसमा सवार दुई व्यक्ति पक्राउ परेका हुन् ।

प्रहरीले मोटरसाइकलमा सवार व्यक्तिहरूको शारीरिक खानतलासी गर्दा भारतको सितामढी बस्ने करिब ४५-४६ वर्षीय नजिर नटको साथबाट ३ लाख २२ हजार नेपाली पैयाँ र सर्लाही जिल्ला बस्ने ५५ वर्षीय मुम्ताज अंसारीको साथबाट २ लाख ४ सय ९० पैयाँ बरामद गरेको छ ।

सशस्त्र प्रहरी नायव उपरीक्षक प्रेम सागर बिष्टका अनुसार नियन्त्रणमा लिइएका व्यक्तिहरूले उक्त रकमको स्रोत खुलाउन नसकेपछि उनीहरूलाई आवश्यक कारबाहीका लागि मोटरसाइकल र नगदसहित गौर भन्सार कार्यालयमा बुझाइएको छ । नगद नियन्त्रणसँगै सशस्त्र प्रहरीले सीमा क्षेत्रबाट हुने अवैध तस्करी नियन्त्रणमा पनि सफलता हात पारेको छ ।

सीमा सुरक्षा गुल्म गौरबाट खटिएको चेकपोइन्ट टोलीले सदरमुकाम गौर नगरपालिका वडा नं. १ स्थित मुख्य सीमा स्तम्भ नं. ३४४ नजिकबाट अवैध कुखुरा बरामद गरेको छ ।

त्यसैगरी, बि.ओ.पि. सरमुजवाको टोलीले परोहा नगरपालिका वडा नं. ८ नरकटिया सीमा क्षेत्र (सानो सीमा स्तम्भ नं. ३५५/२ पूर्व) बाट नेपालतर्फ भित्र्याउँदै गरेको अवस्थामा ५४ वटा (जम्मा १८६ केजी) भारतीय ब्रोइलर कुखुरा नियन्त्रणमा लिएको छ । बरामद गरिएका ती अवैध कुखुराहरूलाई स्थानीय जनप्रतिनिधि, भन्सार प्रतिनिधि र सञ्चारकर्मीहरूको रोहवरमा नष्ट गरिएको छ ।

सीमा सुरक्षालाई थप मजवुत बनाउन र अवैध गतिविधि रोक्न सशस्त्र प्रहरीले आफ्नो संयन्त्रलाई उच्च सतर्कताका साथ परिचालन गरिरहेको सीमा सुरक्षा गुल्म गौरले जनाए ।

श्री माध्यमिक विद्यालय टेंग्राहा ४
फतुवा विजयपुर नगरपालिका,रौतहट
मधेश प्रदेश,(नेपाल)
(स्थापित २०१८)

पत्र संख्या - ०८२ ८३
चलानी नं - 32

मिति - २०८३ ०१ ०:
प्राप्त पत्र संख्या -

**विषय :–विज्ञापन प्रकाशन गरिएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस विद्यालयको मिति२०८२ १२ ३० गते बसेको वि.व्य.स.बैठकको निर्णय अनुसार यस विद्यालयमा निजिस्रोतमा क्मप्यूटर अपरेटर खुला प्रतिस्पर्धावाट पदपूर्ति गर्नुपर्ने भएकाले तपसिल अनुसारको योग्यता पुगेका नेपाली नागरिकहरुवाट दरखास्त आहवानको लागी विज्ञापन प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद | संख्या |
|---|---|---|
| ००१/०८१/०८२ | क्मप्यूटर अपरेटर | १ |

१ उमेर :१८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
२.योग्यता :Computer Diploma वा सो सरह
३.आवश्यक कागजातहरु : १)नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिप थान –२
२)शैक्षिक योग्गताको प्रमाणपत्रको प्रतिलिप थान –२
३)हालसालै खिचिएको फोटो थान –२
४.परीक्षाको किसिम :लिखित,अन्तरवार्ता र प्रयोगात्मक
५.परीक्षा दस्तुर :१०००(एक हजार मात्र)
६.अन्तिम मिति :निवेदन दिने अन्तिम मिति २०८३ ०१ १७ गते सम्म
७.सम्पर्क मिति :२०८३ ०१ १८ गते विहान ९:००वजे
८.परीक्षा मिति :सम्पर्क मितिमा तोकिनेछ ।
९.अन्य जानकारीको लागी विद्यालय प्रशासनमा सम्पर्क राख्नुहोला । सम्पर्क नम्वर :९८६०९५५१४६ ९८१७६६६७१०

अनिल कुमार यादव
(प्रधानाध्यापक)
Anil Kumar Yadav
Principal
Shree Secondary School Tengraha

# फरार प्रतिवादी पक्राउ अभियान तीव्र : बारा र रौतहटमा ८ जना नियन्त्रणमा

***शु. आ. सम्बाददाता***
***बारा, ०४ बैशाख***

मधेस प्रदेशका बारा र रौतहट जिल्लामा प्रहरीले फरार प्रतिवादी पक्राउ गर्ने अभियानलाई तीव्र बनाउँदै विभिन्न मुद्दामा अदालतबाट सजाय पाएका ८ जनालाई नियन्त्रणमा लिएको छ । जिल्ला अदालतको फैसला कार्यान्वयन गर्ने विशेष अभियानअन्तर्गत यी कारबाही गरिएको प्रहरीले जनाएको छ ।




***बारामा २ जना पक्राउ***

जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको टोलीले बारा जिल्ला अदालतबाट चेक अनादर मुद्दामा सजाय तोकिएर फरार रहेका २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कलैया उपमहानगरपालिका-२६ निवासी ५५ वर्षीय एक व्यक्ति र कलैया-२७ निवासी ५२ वर्षीय गफुर मिया अंसारी रहेका छन् ।

प्रहरीका अनुसार उनीहरूमाथि चेक अनादर मुद्दामा कैद तथा जरिवाना सजाय तोकिएको थियो। एक जनालाई १ महिना कैदसहित ३ हजार रुपैयाँ जरिवाना र अर्कालाई ३ हजार रुपैयाँ जरिवाना तोकिएको थियो । उनीहरूलाई मिति २०८३ वैशाख ४ गते पक्राउ गरी बारा जिल्ला अदालतमा पेश गरिएको बारा प्रहरीका प्रवक्ता एवं नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिए ।

***रौतहटमा ६ जना पक्राउ***

यसैबीच, रौतहट प्रहरीले पनि फरार प्रतिवादीविरुद्धको अभियानअन्तर्गत ६ जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको टोलीले लेनदेन, चोरी तथा बैंकिङ कसुर (चेक अनादर) मुद्दामा दोषी ठहर भई फरार रहेका व्यक्तिहरूलाई विभिन्न स्थानबाट नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेहरूमा लेनदेन मुद्दाका दिनेश सहनी, सुरेस साह सोनार र राम सोगारथ राय यादव रहेका छन्। त्यस्तै, चोरी मुद्दामा सर्वजित कुमार साह र मुकेश साह तेली तथा चेक अनादर मुद्दामा राम नरेश प्रसाद पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक बिष्णु प्रदीप बस्यालका अनुसार पक्राउ परेका सबैलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी रौतहट जिल्ला अदालतमा बुझाइएको छ ।

प्रहरीका अनुसार अदालतबाट फैसला भइसकेर फरार रहेका प्रतिवादीलाई नियन्त्रणमा लिने अभियानलाई अझ तीव्र बनाइनेछ। "अदालतको फैसला कार्यान्वयन गरी समाजमा दण्डहीनता अन्त्य गर्नु हाम्रो प्राथमिकता हो," डीएसपी बस्यालले बताए ।

हाल सञ्चालन भइरहेको अभियानका कारण वर्षौंदेखि फरार रहेका दोषीहरू कानुनी दायरामा आउन थालेका छन् । पक्राउ परेकाहरूलाई अदालतमार्फत तोकिएको कैद भुक्तानका लागि कारागार पठाउने प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

प्रहरीले आगामी दिनमा पनि फरार प्रतिवादी खोजतलास तथा नियन्त्रण अभियानलाई निरन्तरता दिने स्पष्ट पारेको छ ।

# कक्षा १२ का विद्यार्थीलाई भावुक वातावरणमा बिदाई

***रुपेश यादव***
***रौतहट, ०४ वैशाख***

रौतहट जिल्लाको फतुवा विजयपुर नगरपालिका-४ टेंग्राहास्थित श्री माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुलाई एक कार्यक्रमका बीच बिदाई तथा सम्मान गरिएको छ । शुक्रबार विद्यालय परिसरमै आयोजित कार्यक्रममा यस वर्ष कक्षा १२ उत्तीर्ण हुन लागेका ६० जना विद्यार्थीहरुलाई औपचारिक रूपमा बिदाई गरिएको हो ।



कार्यक्रम भावुक तथा उत्साहपूर्ण वातावरणमा सम्पन्न भएको थियो । विद्यालय परिवारले विद्यार्थीहरुको उज्ज्वल भविष्यको कामना गर्दै उनीहरुलाई आगामी जीवनमा सफलताको शुभकामना व्यक्त गरेको थियो। बिदाई कार्यक्रममा विद्यार्थीहरुले विद्यालयसँग बिताएका सम्झनाहरू साझा गर्दै शिक्षक तथा साथीहरूप्रति आभार व्यक्त गरेका थिए ।

विद्यालयका प्रधानाध्यापक अनिल कुमार यादवले बिदाई कार्यक्रम विद्यालयको नियमित शैक्षिक परम्पराअन्तर्गत आयोजना गरिएको उल्लेख गर्दै कक्षा १२ का विद्यार्थीहरूलाई आगामी जीवन यात्रामा अनुशासन, मेहनत र लक्ष्यप्रति प्रतिबद्ध रहन सुझाव दिएका थिए । उनले कार्यक्रममा सहभागी सम्पूर्ण अतिथि, शिक्षक, विद्यार्थी तथा सहयोगीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गरे ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समिति सदस्य धरमदेव राय यादवले विद्यार्थीहरूलाई जीवनमा उच्च लक्ष्य निर्धारण गरी अघि बढ्न प्रेरित गर्दै शिक्षा नै सफलताको प्रमुख आधार भएको बताए । शिक्षकहरूले समेत विद्यार्थीहरूको प्रगतिको कामना गर्दै निरन्तर अध्ययन र सकारात्मक सोचका साथ अघि बढ्न आग्रह गरेका थिए ।

उक्त कार्यक्रममा विद्यालय व्यवस्थापन समिति सदस्यहरू, प्रधानाध्यापक, शिक्षक-शिक्षिका, विद्यार्थी तथा सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रमले विद्यार्थी र विद्यालयबीचको भावनात्मक सम्बन्धलाई थप प्रगाढ बनाएको सहभागीहरूले बताएका छन् ।

विद्यालय प्रशासनले बिदा लिने विद्यार्थीहरूलाई भविष्यमा पनि विद्यालयसँग जोडिइरहन तथा आफ्नो सफलताले विद्यालयको गौरव बढाउन आग्रह गरेको छ ।

# बिरंचीबर्वा स्वास्थ्य चौकीको नयाँ भवनमा ओपिडी सेवा सुरू

***राजन कुमार बानिया***
***पर्सा, ०४ वैशाख***

पर्साको कालिकामाई गाउँपालिका-५ बिरंचीबर्वास्थित स्वास्थ्य चौकीको नवनिर्मित भवनमा शुक्रबारदेखि औपचारिक रूपमा ओपिडी (बहिरंग सेवा) सञ्चालनमा आएको छ । एक समारोहका बीच वडाध्यक्ष जयनारायण प्रसाद कुर्मीले फिता काटेर सेवा उद्घाटन गरेका हुन् ।



उद्घाटन कार्यक्रममा बोल्दै वडाध्यक्ष कुर्मीले स्वास्थ्यकर्मीहरूलाई जनताको सेवामा कुनै कमी नराखी समयमै उपचार उपलब्ध गराउन आग्रह गरे । उनले स्थानीयस्तरमै गुणस्तरीय स्वास्थ्य सेवा विस्तार भएकोले अब यस क्षेत्रका बासिन्दालाई महँगो उपचारका लागि बाहिर जानुपर्ने बाध्यता हट्ने विश्वास व्यक्त गरे । "यहाँ एमबीबीएस डाक्टरको व्यवस्था भएकाले जटिल खालका बिरामीहरूको समेत उपचार सम्भव हुनेछ," उनले भने ।

स्वास्थ्य चौकीमा हाल महिलाहरूका लागि निःशुल्क अल्ट्रासाउन्ड सेवा, इसिजी सेवा तथा दक्ष एएनएमहरूको व्यवस्था गरिएको जनाइएको छ । आवश्यक औषधि तथा उपकरणका लागि गाउँपालिका र वडा कार्यालयबाट बजेट विनियोजन गरिएको वडाध्यक्ष कुर्मीले जानकारी दिए ।

कार्यक्रमका प्रमुख अतिथि तथा दिव्य युवा क्लबका कोषाध्यक्ष देवनाथ ठाकुरले बिरंचीबर्वा स्वास्थ्य चौकीलाई नमुना संस्थाका रूपमा विकास भएको उल्लेख गर्दै यसको सेवा विस्तारले स्थानीयवासीलाई ठूलो राहत मिल्ने बताए । "गुणस्तरीय सेवा पाएपछि बिरामीहरू बाहिर जानुपर्ने अवस्था हट्छ, जसले जनताको आर्थिक भार घटाउँछ," उनले भने ।

एमबीबीएस डाक्टर तेजनाथ तिवारीले

बाँकी तेश्रो पृष्ठमा

**जनहितमा जारी सन्देश**

- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं ।
- सडेगलेका तथा बासी खाना नखाऔं ।
- घरवरिपरी तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका